"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकु ।

## प्रेस विज्ञप्ति

मितिः २०७९।०३।०५

१. रसिया - युक्रेन युद्धबाट सिर्जना भएको विश्व उर्जा संकटका माझ पछिल्लो १५ दिनमा अन्तर्राष्ट्रिय बजारमा वृद्धि भएको मूल्य अनुसार इण्डियन आयल कर्पोरेशन लिमिटेडबाट तारिख १६ जुन, २०२२ (असार ०२, २०७९) मा प्राप्त मूल्यसूची बमोजिम प्रशोधित पेट्रोलियम पदार्थको मूल्यमा औषत प्रति लिटर पेट्रोलमा रु.६।५२, डिजेलमा रु.१९।०३ र हवाई इन्धनमा रु.१९।९१ ले वृद्धि भई मूल्य प्राप्त भएको थियो । जसअनुसार निगमलाई १५ दिनमा मात्र करीब रु.४ अर्ब ८१ करोड घाटा भएको स्थिति थियो।

२. निगमले इण्डियन आयल कर्पोरेशनलाई भुक्तानी गर्न नसकेको बक्यौता रकम बढ्न गई आगामी जुन २३, २०२२ (असार ०९,२०७९) सम्म करिव रु.२२ अर्ब पुग्ने देखिएको तथा खरिद लागत बढ्दै गई चरम आर्थिक संकटबाट निगम गुज्रिँदै गएको हुँदा पेट्रोलियम पदार्थको समग्र आपूर्ति व्यवस्था दुरुस्त बनाई राख्न निगम संचालक समितिको मिति २०७९/०३/०५ को निर्णय अनुसार आज मिति २०७९/०३/०५ को राती १२:०० बजेदेखि लागू हुने गरी पेट्रोलको साविकको खुद्रा विक्री मूल्यमा रु.२१/- ले बृद्धि गरी प्रति लिटर रु.१९९/- तथा डिजेल र मट्टितेलको साविकको खुद्रा विक्री मूल्यमा रु.२७/- ले बृद्धि गरी प्रति लिटर रु.१९२/- तथा हवाई इन्धन (आन्तरिक) तर्फ रु.१९/- ले बृद्धि गरी प्रति लिटर रु.१८५/- र हवाई इन्धन (बाह्य) तर्फ अमेरिकी डलर १००/- ले बृद्धि गरी प्रति किलो लिटर अमेरिकी डलर १,६४५/- कायम गरिएको छ। एल. पी. ग्यासको खुद्रा बिक्री मूल्य भने हाललाई यथावत् नै राखिएको छ । निगमको खरिद लागत तथा मूल्य समायोजन पश्चात्को नाफा/नोक्सानको विवरण निम्नानुसार रहेको छः-

| क्र.स. | पेट्रोलियम पदार्थ | खरीद लागत (रु. प्रति लिटर) | हालको बिक्री मूल्य (रु. प्रति लिटर) | नाफा/घाटा (रु. प्रति लिटर) | १५ दिनको नाफा/घाटा (रु. करोडमा) |
|---|---|---|---|---|---|
| १. | पेट्रोल | २१२।५८ | १९९।०० | -१३।५८ | -४१.२६ |
| २. | डिजेल | २०५।९५ | १९२।०० | -१३।९५ | -१०९.४१ |
| ३. | मट्टितेल | १४८।९४ | १९२।०० | ४३।०६ | ३.६६ |
| ४. | हवाई इन्धन (आन्तरिक) | १७१।३९ | १८५।०० | १३।६१ | ३.३२ |
| ५. | हवाई इन्धन (बाह्य) | १४८।३२ | $ १।६४५ | ५६।६७ | २२.६३ |
| ६. | एल. पी. ग्यास (प्रति सिलिण्डर) | २,५५१।१५ | १,८००।०० | -७५१।१४ | -११३.९७ |
| | १५ दिनको (पाक्षिक) अनुमानित जम्मा घाटा (रु. करोडमा) | | | | -२३५.०४ |

३. निगमलाई मासिक रूपमा अझै करिब रु.४ अर्ब ७० करोड घाटा नै रही असार मसान्तसम्ममा करिव ५० देखि ५५ अर्ब रुपैयाँ नोक्सानी हुने स्थिति देखिएको छ । एल. पी. ग्यासमा मात्र प्रति महिना करिब रु.२ अर्ब २८ करोड घाटा रहेको छ।

४. ईण्डियन आयल कर्पोरेशनलाई पेट्रोलियम पदार्थ खरिद वापत तिर्नुपर्ने बक्यौता रकम बढ्दै जाने देखिएको हुँदा आपूर्ति व्यवस्था सहज बनाइ राख्न लागत अनुरुप नै मूल्य समायोजन गर्दै जानुपर्ने बाध्यात्मक स्थिति निगम सामु देखिएको छ ।

५. विदेशी मुद्रा खर्च गरी महंगो मूल्यमा आयात गर्नुपर्ने पेट्रोलियम पदार्थहरूको प्रयोग सकेसम्म कम गरी विद्युत लगायतका स्वदेशी ऊर्जाको खपत बढाउनुपर्ने राष्ट्रिय आवश्यकतालाई आम उपभोक्ताहरूले समेत मनन गर्नु हुनेछ भन्ने विश्वास निगमले लिएको छ। साथै यस मूल्य समायोजनले उपभोक्तावर्गमा पर्न जाने असुविधा प्रति निगम क्षमाप्रार्थी छ ।

धन्यवाद् ।

२०७९।०३।०५

नेपाल आयल निगम लि.